मिति २०७७०२।०७ गते बसेको नगर स्तरीय विपद व्यवस्थापन समितिको बैठक

**निर्णयहरु**

निर्णय नं. १

भद्रपुर नगरपालिकासँग सीमाना जोडिएको कचनकवल गाउँपालिकामा कोरोना भाईरसको संक्रमण देखा परेको र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार कोराना भाईरसको संक्रमण तीव्र गतिमा बढ्दै गएको देखिएकोले कोराना भाईरस (कोभिड – १९) को संक्रमण रोकथाम सम्बन्धमा नेपाल सरकारबाट घोषित बन्दाबन्दी (लकडाउन) लाई पूर्ण रुपमा परिपालना गर्ने र गराउने निर्णय गरियो ।

निर्णय नं.२

नगरपालिका क्षेत्र भित्र संचालित योजनाहरु सम्बन्धमा निम्न बमोजिम गर्ने गराउने निर्णय गरियो:

- नगरपालिकाको आन्तरिक श्रोतबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको नयाँ सम्झौता तथा कार्यादेश दिने कार्य बन्द गर्ने ।
- वडा तथा नगर स्तरमा संचालित योजनाहरुको प्राविधिक दृष्टिले रोक्न मिल्ने योजनाहरुको निर्माण कार्य रोक्ने ।
- नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी संचालित पूर्वाधारका योजनाहरु र सम्झौता हुन बांकी योजनाहरु अ.ल्या .गरी आगामी आ.व.२०७७।०७८ मा संचालन गर्ने
- संघीय सरकार र प्रदेश सरकारबाट विनियोजित बजेटबाट संचालन हुने योजनाहरु नियमित रुपमा संचालन गर्ने ।
- योजनाहरुको प्रशासनिक कार्य लगायत भुक्तानी सम्बन्धी कामहरु कार्यतालिका बनाई गर्ने र पूर्ण रुपमा सामाजिक दूरी कायम गरी संचालन गर्ने
- योजनाको प्राविधिक तथा प्रशासनिक कार्य गर्न साइट इन्चार्जले प्रमुख भूमिका निर्वाह गरी उपभोक्ताहरुलाई सम्झौता र भुक्तानीका लागि साइट इन्चार्जको समन्वयमा उपभोक्ता समितिको प्रमुख व्यक्ति आउने अवस्था बनाउने ।

निर्णय नं. ३

चिया बगान, कारखाना, इटाभट्टाहरुमा कार्यरत मजदुरहरुको स्वास्थ्य परिक्षण गराउन उद्यमीहरुलाई आग्रह गर्ने तथा सो कार्यको निगरानी गर्ने ।

निर्णय नं. ४

सीमा नाकाहरुबाट अनाधिकृत रुपमा प्रवेश गर्ने व्यक्तिहरु तथा टोल बस्तीमा आएका शंकास्पद व्यक्तिहरुको विशेष निगरानी राखी टोल विकास संस्थाका पदाधिकारी तथा संस्थागत सामुदायिक विद्यालयका शिक्षकहरुले स्थानीय जनप्रतिनिधी वा प्रहरीलाई जानकारी गराउने ।

निर्णय नं. ५

वैदेशिक रोजगारीमा रहेका र फर्कन चाहने वा फर्किएका व्यक्तिहरुको अभिलेख संकलन गरी अध्यावधिक गर्ने साथै नगरपालिका क्षेत्रमा रहेको क्वारेन्टिनमा रहेका व्यक्तिहरुको विवरण अध्यावधिक गरी नियमित रुपमा प्रतिवेदन तयार गर्न आ.ले.प.अधिकृत डिल्लीराम ढकाल र रोजगार संयोजक टिकाराम पाण्डेलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ६

विपन्न तथा असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुलाई नगरपालिका तथा विभिन्न दाताहरुबाट उपलब्ध गराइएको राहत वितरणको अभिलेख अध्यावधिक गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नोबल कोरोना भाइरसको संक्रमण रोकथाम गर्न बन्दाबन्दिको शर्तहरु परिपालना गर्ने सन्दर्भलाई समेत दृष्टिगत गरी नगरपालिकाबाट तोकिएका पूर्वाधारको काम र अत्यावश्यक सेवा बाहेक अन्य कार्य हाललाई स्थगित गर्ने र सेवा प्रवाहको लागि निम्न व्यवस्था मिलाउने निर्णय गरियो ।

- नगरपालिकाको कार्यालय प्रत्येक दिन बिहान १० बजेदेखि दिनको २ बजेसम्म खुल्ला रहने,
- वडा कार्यालयहरु आईतबार, मंगलबार, बिहिबार र शुक्रबार बिहान १० बजेदेखि २ बजेसम्म खुल्ला रहने,
- विकास योजना लगायत कुनैपनि अत्यावश्यक सेवाको लागि निवेदन पेश गर्दा नगरपालिकाको इमेल ठेगाना info@bhadrapurmun.gov.np वा सम्बन्धित वडा कार्यालयको इमेल ठेगानामा पठाउन सकिनेछ । सम्भव भएसम्म अनलाईनबाट नै सेवा समेत प्रवाह गरिनेछ ।
- नगरपालिकाको कार्यालय संचालन कार्यतालिका देहाय बमोजिम रहेको छ ।

| बार | कामको विवरण | सम्बन्धित शाखाहरु |
|---|---|---|
| आइतबार | विकास निर्माण कार्यको निवेदन दर्ता | दर्ता इकाइ/योजना उपशाखा |
| सोमबार | विकास निर्माण कार्यको निवेदन दर्ता | दर्ता इकाइ/योजना उपशाखा |
| मंगलबार | बिल तयार गर्ने | पूर्वाधार विकास शाखा |
| बुधबार | बिल तयार गर्ने | पूर्वाधार विकास शाखा |
| बिहीबार | भुक्तानी सम्बन्धी कार्य | आर्थिक प्रशासन शाखा |
| शुक्रबार | भुक्तानी सम्बन्धी कार्य | आर्थिक प्रशासन शाखा |

उपभोक्ता समितिको अध्यक्ष मात्र प्रशासनिक कामको लागि आउने ।

विकास योजनाको सन्दर्भमा उपभोक्ता समितिसँग समन्वय गरी सम्बन्धित साइट इन्चार्ज तथा इन्जिनियरले निवेदन तथा कागजातहरु संकलन गरी बिल भर्पाई तयार गरी पेश गर्ने ।

निर्णय नं. ८

मनसुन पूर्व विपदको पूर्वतयारीको लागि कार्ययोजना तयार गर्ने, वडा स्तरिय विपद व्यवस्थापन समिति, कार्यदल तथा टोल विकास संस्थाहरुलाई तयारी अवस्थामा राख्ने र विपद व्यवस्थापनको लागि आवश्यक सामग्रीहरु खरिद गरी बन्दोबस्त विषयगत समितिको बैठक बसी मिलाउने निर्णय गरियो ।

निर्णय नं. ९

नोबेल कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीहरु VTM, RDT को किट बक्स खरिद गर्ने साथै मेची अञ्चल अस्पतालमा पि.सि.आर.परिक्षणको लागि प्रयोगशाला स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग माँग गर्ने तथा अन्य कार्यका लागि एकका लागि एक अभियानसँग समेत आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

नगर स्तरिय विपद व्यवस्थापन कोषमा भएको देहाय बमोजिमको आम्दानी खर्चको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

**विपत व्यवस्थापन कोषको आम्दानी/खर्च/मौज्दातको विवरण**

**क) आम्दानी तर्फ**

| क्र. सं. | व्यक्ति तथा सस्थाको नाम | ठेगाना | जम्मा मिति | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | खातामा रहेको मौज्दात रकम | भद्रपुर नपा | २०७६।०४।०१ | ६६३४७७।८० | |
| २ | भद्रपुर नगरपालिकावाट जम्मा रकम | भद्रपुर नपा | २०७६।१२।२१ | १००००००।०० | |
| ३ | प्रदेश सरकारबाट प्राप्त भएको रकम | प्रदेश नं. १ सरकार | २०७६।१२।२१ | ५०००००।०० | |
| ४ | झापा बेल्जियम समाज | बेल्जियम | २०७६।१२।२१ | १५००००।०० | |
| ५ | सिम्रीक बचत तथा ऋण सहकारी सस्था | भद्रपुर | २०७६।१२।२३ | ५००००।०० | |
| ६ | भद्रपुर नगरपालिकाका जनप्रतिनिधिहरुको १५ दिनको सुविधा वापतको रकम | भद्रपुर नपा | २०७६।१२।२१ | ४३०५००।०० | |
| ७ | कर्णाली बचत तथा ऋण सहकारी सस्था | विर्तामोड | २०७६।१२।२४ | ५००००।०० | |
| ८ | झापा उधोग संघ | भद्रपुर | २०७६।१२।२६ | १०००००।०० | |
| ९ | नेपाल कम्युनिष्ट पाटी ( ने.क.पा. ) भद्रपुर नगर | भद्रपुर | २०७६।१२।२६ | ५११५१।०० | |
| १० | हाम्रो नेपाल बचत तथा ऋण सहकारी सस्था | विर्तामोड | २०७६।१२।२६ | ५१०००।०० | |
| ११ | राष्ट्रसेवक बचत तथा ऋण सहकारी सस्था | भद्रपुर | २०७६।१२।२६ | २५१२५।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | चन्द्रगढी सामुदायिक बन उपभोक्ता समिति | भद्रपुर | २०७६।१२।२७ | ५००००।०० | |
| १३ | दिदि बहिनी सचेतना महिला समुह | भद्रपुर – ८ | २०७६।१२।२७ | १५१५५।०० | |
| १४ | रोटरी ईन्टरनेशनल क्लव अफ भद्रपुर | भद्रपुर | २०७६।१२।२७ | ०।०० | २२५० के.जी. चामल |
| १५ | विरेन्द्र एलुम्नाई एसोसिएसन | काठमाडौं | २०७६।१२।२७ | ५००००।०० | |
| १६ | जेष्ठ नागरिक संघ भद्रपुर | भद्रपुर | २०७७।०१।०३ | ११११११।०० | |
| १७ | विईयस ईस्टन चर्च | भद्रपुर | २०७६।१२।२८ | ३५०००।०० | |
| १८ | नवोदय वचत तथा ऋण सहकारी | कमल | २०७६।१२।२८ | १००००।०० | |
| १९ | किच्चकबध बचत तथा ऋण सहकारी संस्था | भद्रपुर | २०७६।१२।३० | २०००५।०० | |
| २० | साना किशान कृषी सहकारी संस्था | महेशपुर | २०७६।१२।३० | ३९७५८।०० | |
| २१ | सहारा बचत तथा ऋण सहकारी संस्था | भद्रपुर | २०७७।०१।०३ | १११०००।०० | |
| २२ | कर्मसिल कृषी सहकारी संस्थाा लि. | भद्रपुर | २०७७।०१।०३ | १००००।०० | |
| २३ | समृद्धि बचत तथा ऋण सहकारी संस्था | भद्रपुर | २०७७।०१।०७ | १५०००।०० | |
| २४ | नेपाल बहुउद्देश्य सहकारी संस्था | भद्रपुर | २०७७।०१।०३ | ०।०० | २००० के.जी. चामल |
| २५ | सुर्योदय बचत तथा ऋण सहकारी संस्था | भद्रपुर | २०७७।०१।०३ | ०।०० | २०० के.जी. चामल |
| २६ | भद्रपुर नगरपालिका सामुदायिक विधालयहरुका शिक्षक तथा कर्मचारीहरुको तलव वापत नेपाल शिक्षक माहासंघको नेतृत्वमा संकलीत रकम | भद्रपुर | २०७७।०१।११ | २८९६८३।०० | |
| २७ | प्रथम बहउद्देश्य सहकारी संस्था | भद्रपुर | २०७७।०१।०९ | ३००००।०० | |
| २८ | साना किशान कृषी सहकारी संस्था | पृथ्वीनगर | २०७७।०१।११ | ४००००।०० | |
| २९ | पूर्वी नेपाल बहुउद्देश्य सहकारी संस्था ( ५० थान माक्स, ५० थान ग्लोवस, पि.पि.ई. ५ थान ) | भद्रपुर | २०७७।०१।०३ | ०।०० | उल्लेखित जिन्सी सामान प्राप्त |
| ३० | मदरशा अन्जुमन ईश्लामिया | भद्रपुर | २०७७।०१।११ | २००००।०० | |
| ३१ | आदर्श क्रिकेट एकेडेमी | भद्रपुर | २०७७।०१।११ | ४९२५।०० | |
| ३२ | झापा उधोग बाणिज्य संघ | भद्रपुर | २०७७।०१।१२ | ५१०००।०० | |
| ३३ | झापा अस्ट्रेलिया समाज | | २०७७।०१।१२ | ७०५००।०० | |
| ३४ | बसन्त पोखरेल, भद्रपुर ७ | भद्रपुर ७ | २०७७।०१।१३ | ५१००।०० | |
| ३५ | महेश मित्तल भद्रपुर ८ | भद्रपुर | २०७७।०१।१३ | ०।०० | ५० थान एन ९५ माक्स |
| ३६ | कैलास सरिया ( सरिया ईन्टरप्राईजेज ) | काठमाडौं | २०७७।०१।१३ | ०।०० | ५९००० थान माक्स |
| ३७ | चन्द्रगढ यातायात प्रा.ली. | | २०७७।०१।१३ | ०।०० | ११०० केजी चामल |
| ३८ | श्यामबाबु सिटौला समेत सपरिवार | भद्रपुर १० | २०७७।०१।१५ | १०००००।०० | |
| ३९ | वडाको बजेटवाट रकमान्तर गरि जम्मा | | २०७७।०१।१७ | १००००००।०० | |
| ४० | श्री नारायण खवास, भद्रपुर ८ | भद्रपुर ८ | | १५०००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | भद्रपुर नगरपालिका स्वास्थ शाखामा कार्यरत कर्मचारीहरुको तलववाट | भद्रपुर | | २२५००\|०० | |
| ४२ | सेवानिबृत्त कर्मचारी समाज | भद्रपुर | | १०५००\|०० | |
| ४३ | श्री विरेन्द्र नमुना क्याम्पस प्राध्यापक परिवार | भद्रपुर | | ३५०००\|०० | |
| ४४ | सनातन धर्म सेवा समिति पृथ्वीनगर | भद्रपुर | | १००००\|०० | |
| ४५ | लेखापडी व्यवसाय बचत तथा ऋण सहकारी सस्था | भद्रपुर | | ११०००\|०० | |
| ४६ | भद्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुवाट नेपाल सरकारको नीति अनुसारको तलव कट्टी रकम | भद्रपुर | | ३४५५२९\|३३ | |
| ४७ | श्रेष्ठ कन्ट्रक्सन काठमाडौं | काडमाडौं | | ५००००\|०० | |
| ४८ | एन्टिओक प्रार्थना भवन पृथ्वीनगर | भद्रपुर | | ३०३३५\|०० | |
| ४९ | लुम्बुनी/गजुरमुखी/एपेक्स जेभी | काडमाडौं | | ५००००\|०० | |
| ५० | साहारा नेपाल चन्द्रगढी सेवा केन्द्र (२५०० केजी चामल, २०० केजी दाल, २०० लिटर खानेतेल, २०० केजी नुन,२०० थान सावुन ) | | | | उल्लेखित जिन्सी सामान प्राप्त |
| ५१ | प्रभु बैंक भद्रपुर शाखा | | | | ४२० केजी चामल |
| ५२ | लायन्स क्लव भद्रपुर (१००० केजी चामल, ५० केजी दाल, २५ लिटर खानेतेल, सावुन ५० थान,पप्कन ३०० प्याकेट ) | | | | उल्लेखित जिन्सी सामान प्राप्त |
| ५३ | कलबलगुरी कृषी सहकारी सस्था | भद्रपुर | | २५०००\|०० | |
| | **कुल जम्मा अम्दानी** | | | **५६५४३५५\|१३** | |

ख) खर्च तर्फ

| क्र. सं. | खर्च विवरण | | खर्च रकम | |
|---|---|---|---|---|
| १ | करेन्टाईन व्यवस्थापन खर्च ( मेची अन्चल अस्पताल सहित ) | | ६१५०००\|०० | |
| २ | स्वास्थ सामाग्री व्यवस्थापन खर्च | | ८२२८९०\|०० | |
| ३ | अति विपन्न नागरिकहरुलाई राहात वितरणको लागि वडा कार्यालयहरुलाई हस्तान्तरण | | ३५९७०००\|०० | |
| | **कुल जम्मा खर्च** | | **५०३४८९०\|००** | |
| | **हाल खातामा रहेको मौज्दात रकम** | | **६१९४६५\|१३** | |

निर्णय नं. ११

नोबल कोरोना भाइरसको संक्रमणको अवस्थालाई मध्यनजर गर्दै भद्रपुर नगरपालिकाले नगरपालिकाको सीमा क्षेत्र, वडा सीमा क्षेत्र वा टोल विकास संस्थाको सीमा क्षेत्रलाई आवश्यकता अनुसार बन्द गरी आवागमनलाई नियन्त्रण गर्ने र यस कार्यको लागि सम्बन्धित वडा कार्यालयको समन्वयमा टोल विकास संस्थाले आवश्यक बन्दोबस्त मिलाउने र स्थानीय जनप्रतिनिधीहरु, सुरक्षाकर्मीहरु, स्थानीय सामुदायिक विद्यालयका शिक्षकहरु, स्वयंसेवक तथा नागरिक समाजका व्यक्तिहरुले अग्रसरता लिई सहयोग गर्ने साथै अति आवश्यक कामको लागि आवत जावत गर्नु परेमा सम्बन्धित वडा अध्यक्षले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १२

ग्रामिण विकास प्रशिक्षण केन्द्र कलबलगुडीमा ९३ बेड, मेची क्याम्पसमा २५० बेड र हिमाली मा.वि.मा रहेको ४८ बेड क्षमताको क्वारेन्टिन निर्माण तथा संचालनमा आवश्यक सहयोग गर्ने र उक्त कार्यमा हालसम्म भएको खर्च समेत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

नगरपालिका क्षेत्र भित्र रहेको खेती योग्य जमीन खेती नगरी बाँझो राखेको, प्लटिङ्ग गरेको वा अन्य जुनसुकै कारणले बाँझो जमिन भएमा त्यस्ता जग्गाधनीले सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी आफैले वा अन्य कुनै व्यक्ति वा संस्थासँग सहमति वा सम्झौता गरी खेती गर्न गराउन सक्नेछ । यस परिस्थितिमा खेती गर्ने व्यक्ति वा संस्थाले जग्गाधनीको लिखित स्वीकृति बिना कुनै स्थायी संरचना बनाउने वा जग्गामा कुनै अनधिकृत दावी गर्न पाउने छैन । जग्गाधनी वा जग्गाधनीसँग सहमति वा सम्झौता गरेको व्यक्ति वा संस्थाले जमीन बाँझो राखी उत्पादन नगरेको खण्डमा प्रति कठ्ठा रु.५००।०० (रु.पाँच सय) रकम जरिवाना स्वरुप नगरपालिकाबाट असुल गरिनेछ । साथै खेती गर्ने व्यक्ति वा संस्था नभएको खण्डमा सम्बन्धित जग्गाधनीले प्रमुख बाली लगाउने मौसम अगाडी नै सम्बन्धित वडा कार्यालयमा जानकारी दिनु पर्नेछ ।

निर्णय नं.१४

हाल लकडाउनको समयमा नगरपालिकाबाट घर निर्माणको स्वीकृति नलिई घर निर्माण गर्ने, तला थप्ने कार्य भैरहेको देखिएको हुँदा हाल लकडाउन अवधिमा समेत नगरपालिकाको स्वीकृति बिना घर निर्माण तथा तला थप गर्ने कार्य गरेमा काम बन्द गरी कार्वाही गर्ने निर्णय गरियो ।

निर्णय नं.१५

नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका बैंक तथा वित्तिय संस्थाहरु नोबल कोरोना भाइरस संक्रमणको कारण लकडाउनको समयमा सञ्चालनको लागि कार्यतालिका तथा समय निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

दुरसञ्चार सेवा प्रदायक संस्था एनसेल कम्पनीबाट नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको लागि करपोरेट सुविधा अन्तर्गत विभिन्न सुविधा भएको सीम कार्ड उपलब्ध गराएकोमा सम्बन्धित संस्थालाई धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं.१७

भद्रपुर नगरपालिका वडा नं.१ हिमाली मा.वि., पृथ्वीनगरमा सञ्चालनमा ल्याइने क्वारेन्टिनमा सुरक्षा व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय, झापालाई अनुरोध गर्ने र खाद्यान्न व्यवस्थापन लगायत अन्य सुविधाहरुका लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१८

नोबल कोरोना भाइरस कोभिड १९ को संक्रमणलाई रोकथाम गर्ने सन्दर्भमा भएका निम्न बमोजिमका थप कार्य गर्ने निर्णय गरियो ।

- सेल्फ क्वारेन्टिनको मापदण्ड तथा शर्तहरु तयार गरी सम्बन्धित व्यक्तिहरुलाई वितरण गर्ने,
- जेराइटिक सोसाइटी, भद्रपुरको भद्रपुर नगरपालिका वडा नं.९ मा रहेको भवनलाई क्वारेन्टिनको रुपमा प्रयोग गर्न आवश्यक पहल गर्ने, साथै आवश्यकता अनुसार परिस्थिति हेरी संस्थागत तथा सामुदायिक विद्यालय, क्याम्पसहरु, धर्मशाला, होटलहरु समेतमा क्वारेन्टिन सञ्चालनमा ल्याउन सकिने,
- खाद्यान्न सामग्रीहरुको होम डेलीभरी गर्न व्यवसायीहरुलाई उत्प्रेरित गर्ने र नगरपालिकामा इच्छुक व्यवसायीहरुले आफ्नो सेवाहरुको विवरण खोलेर सम्पर्क नम्बर र इमेल ठेगाना सहित सूचिकृत गराउने,
- भद्रपुर नगरपालिकाको नोबल कोरोना भाइरस (कोभिड १९) वेब पेज निर्माण गर्ने,
- सार्वजनिक आवागमन स्थलमा थुक्न नपाइने,
- सुरक्षाको दृष्टिले व्यक्तिको शारिरिक चेक जाँच गर्न र सार्वजनिक आवागमन रोक्न, ढाँट राख्न सुरक्षाकर्मी बाहेक अन्य व्यक्ति, संघ संस्थाहरुले गर्न नपाउने ।
- सामुदायिक क्वारेन्टिनमा चाप बढेका वा सुरक्षित नहुने अवस्थामा स्वास्थ्यकर्मीको परामर्शमा नगरवासीलाई सेल्फ क्वारेन्टिनमा र सेल्फ आइसोलेशनमा राख्न सकिनेछ । जसका लागि निम्न अवस्थाहरुको व्यवस्था भएको हुनु पर्नेछ ।
  - (क) व्यक्तिको घरमा शौचालय सहितको छुट्टै कोठा हुनु पर्ने
  - (ख) आर.डि.टि वा पि.सि.आर पोजेटिभ भएपनि घरमा एक्लै बस्ने, खाने वा उपचारमा अनुकुल सुविधाको प्रत्याभूति भएको हुनु पर्ने

(ग) टोल विकास संस्थाको निगरानी रहने गरी वा वडा समितिको सिफारिशको आधारमा नगरपालिकाको स्वास्थ्य शाखाको अनुमति भएको हुनु पर्ने

(घ) नगरपालिकालाई जानकारी नगराई भारत वा अन्य स्थानबाट प्रवेश नगर्ने र प्रवेश गरेको खण्डमा त्यसबाट उत्पन्न हुने क्षति र खर्च निज स्वयं वा परिवारबाट बेहोर्नु पर्ने ।

निर्णय नं.१९

नेपाल सरकार मन्त्री परिषदको बैशाख २४ गतेको निर्णयहरु र जिल्ला स्तरिय कोभिड १९ रोकथाम तथा नियन्त्रण, उपचार समिति झापाको जेष्ठ २ गते बसेको बैठकको निर्णयहरु कार्यान्वयन गर्ने, वडाहरुमा संक्रमण देखिएमा कुनै एक वडा वा सो भन्दा बढी वा पुरै पालिका बन्दाबन्दी गर्न आवश्यक परिस्थिती देखिए सो घोषणा गरी कार्यान्वयन गर्ने ।

निर्णय नं.२०

मेची अस्पतालका नियमित स्वास्थ्य उपचारका कार्यहरु र स्वास्थ्य बीमाको सुविधा नरोक्न र थप व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२१

नेपाल रेडक्रस सोसाइटी, नेपाल स्काउट, भद्रपुर जेसिज र नगरमा क्रियाशील अन्य सामुदायिक संघ संस्थाहरु र शैक्षिक संस्थाहरुको जनशक्तिहरुलाई स्वयंसेवकको भूमिकामा परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२२

सीमा क्षेत्रमा अहोरात्र खटिएका सुरक्षाकर्मी बस्ने कक्ष तथा घरको व्यवस्थापन गर्न र सवारी साधन, इन्धन, टर्च, गमबुट, वर्षादी, पिपिई आदि लगायतका सुविधाको व्यवस्थापनका लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२३

संघीय सरकार र प्रदेश सरकारको अनुदान सहयोगमा संचालित आयोजनाहरु नेपाल सरकारबाट घोषित बन्दाबन्दीको कारण तोकिएको समयमा सम्पन्न गर्न नसकिने भएकोले आगामी आ.व. २०७७०७८ मा सम्झौता भएका योजनाहरुको निरन्तरताको लागि बजेट विनियोजन गर्न संघ तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

076/2/6